संघीय संसद
राष्ट्रिय सभा
अठारौं अधिवेशन
बैठक-३१
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)
२०८२ असार ३१ गते मङ्गलबार

*बैठक प्रारम्भ १:२७ बजे*
*बैठक स्थगित ५:१६ बजे*

---

संघीय संसद, राष्ट्रिय सभाको अठारौं अधिवेशनको एकतिसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:२७ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले आकस्मिक समयमा बोल्नका लागि **माननीय सदस्य रेनु चन्द**लाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य रेनु चन्दले** कञ्चनपुरको कृष्णपुर १ मा छाउगोठमा बसिरहेकी २८ वर्षीय कमला दमाईको सर्पदंशको कारण मृत्यु भएको विषयमा सरकारको ध्यानाकर्षण गराउँदै यस्ता घटना नदोहोरिने व्यवस्था मिलाउन सङ्घीय सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्न माग गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य इन्दिरा देवी गौतमले** वर्षायाममा सर्प दंशको कारण धेरैले ज्यान गुमाउनु परेकाले हुनाले यसको उपचारको उचित व्यवस्था गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य गंगा कुमारी बेलबासेले** कञ्चनपुरको कृष्णपुर-१ मा छाउगोठमा बसिरहेकी २८ वर्षीय कमला दमैको सर्प दंशको कारण मृत्यु भएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य जग प्रसाद शर्माले** शून्य समयमा उठेका सवालको जवाफ दिन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य तुलसा कुमारी दाहालले** कञ्चनपुरको कृष्णपुर-१ मा छाउगोठमा बसिरहेकी २८ वर्षीय कमला दमैको सर्प दंशको कारण मृत्यु भएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य भगवती न्यौपानेले** कञ्चनपुरको कृष्णपुर-१ मा छाउगोठमा बसिरहेकी २८ वर्षीय कमला दमैको सर्प दंशको कारण मृत्यु भएकोमा यस्ता घटना फेरी नदोहोरिने वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य माया प्रसाद शर्माले** विश्वविद्यालयको शिक्षालाई कर्मकाण्डी मात्र नबनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य राधेश्याम पासवानले** सौर्य जहाजको दुर्घटनाका पीडित प्रकाश दाहाललाई न्याय दिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य सुमित्रा वि.सी.ले** कञ्चनपुरको कृष्णपुर-१ मा छाउगोठमा बसिरहेकी २८ वर्षीय कमला दमैको सर्प दंशको कारण मृत्यु भएकोमा यस्ता घटना फेरी नदोहोरिने वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा बोल्नका लागि दलीय आधारमा देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य आनन्द प्रसाद ढुँगानाले** हाम्रो देश कृषिप्रधान देश भएको तर कृषिका क्षेत्रमा प्राथमिकताका साथ कार्यक्रम नल्याइएको जिकिर गर्दै सिँचाई, मलखाद, बजार तथा भण्डारणको उचित व्यवस्थापन गर्नु पर्ने बताउनुभयो।

**माननीय सदस्य जग प्रसाद शर्माले** नेपालको अर्थतन्त्रको अवस्था परिवर्तनका लागि सबै राजनीतिक दलहरूले अर्थतन्त्रको ठोस अवस्थाका विषयमा छलफल गर्दै दीर्घकालिन रणनिति निर्माण गरी लाग्नु पर्ने जिकिर गर्नुभयो।

**माननीय सदस्य जयन्ती देवी राईले** कञ्चनपुरको कृष्णपुर १ मा छाउगोठमा बसिरहेकी २८ वर्षीय कमला दमैको सर्प दंशको कारण मृत्यु भएको विषयमा सरकारको ध्यानाकर्षण गराउँदै महिला हिंसा सम्बन्धी घटना नदोहोरिने व्यवस्था मिलाउन सङ्घीय सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्न माग गर्नुभयो।

**माननीय सदस्य मोहम्मद खालिदले** हज यात्राका सम्बन्धमा नेपाल राजपत्रमा प्रकाशन गरिएको व्यवस्था हाजीहरूको मूल्यमान्यता अनुकल हुन नसकेको जिकिर गर्नुभयो।

**माननीय सदस्य शेखर कुमार सिंहले** जलवायु परिवर्तनका कारण कतै अतिवृष्टि र अनावृष्टिवाट क्षति भोगिरहनु परेको बताउँदै तराईमा सिँचाइको उचित व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य दुर्गा गुरुङले** कञ्चनपुरको कृष्णपुर १ मा छाउगोठमा बसिरहेकी २८ वर्षीय कमला दमैको सर्प दंशको कारण मृत्यु भएको विषयमा सरकारको ध्यानाकर्षण गराउँदै महिला हिंसा सम्बन्धी घटना नदोहोरिने व्यवस्था मिलाउन सङ्घीय सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्न माग गर्नुभयो।

**माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरेले** वर्षाको समयमा यात्रा गर्दा अकालमा ज्यान गुमाउनु परेको विषयमा सरकार गम्भिर भएर यस्ता घटना न्यूनिकरणमा लाग्नुपर्ने बताउँनुभयो।

**माननीय सदस्य राधेश्याम पासवानले** बाढीका कारण हुने जनधनको क्षति न्यूनिकरणमा पूर्वतयारी कम भएको जिकिर गर्दै यस्ता विपद् न्यूनिकरणमा लागिपर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य सोनाम गेल्जेन शेर्पाले** देशमा केही भएन भन्ने भाष्य प्रचार गर्नु कसैको लागि क्षणिक स्वार्थको विषय मात्रै हो, तर देश तुलनात्मक रुपमा बिकास हुदै गएको जिकिर गर्नुभयो।

त्यसपछि, **माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्का**ले माननीय सदस्यहरुले आकस्मिक शुन्य र विशेष समयमा उठाउनुभएको विषय साथै समसामयिक विषयमा सदनमा  जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरण सम्बन्धी पत्रको निम्नबमोजिमको ब्यहोरा जानकारी गराउनुभयो।

" **विषयः विधेयक प्रमाणीकरण गरी पठाइएको।**

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएका देहाय बमोजिमका विधेयकको प्रमाणीकृत प्रति थान १ (एक) यसै पत्रसाथ संलग्न राखि पठाइएको ब्यहोरा अनुरोध गर्दछु।

| विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|
| आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि संघीय सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ | २०८२/३/३० |
| नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२ | २०८२/०३/३० |
| राष्ट्रिय ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक, २०८२ | २०८२/०३/३० |

(डा. दिपक काफ्ले)

सचिव

२०८२ असार ३०"

त्यसपछि, सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रहरुको देहायबमोजिमको व्यहोरा क्रमशः जानकारी गराउनुभयो।

क. **"माननीय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री वलराम अधिकारी** निजी कामको सिलसिलामा संवत् २०८२ साल असार २७ गते भारतको देहरादुन जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री रघुजी पन्तले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(एकनारायण अर्याल)
मुख्य सचिव
२०८२ असार २७ गते"

ख. **"माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारी** भियतनामको हनोइमा सञ्चालन हुने हाइ लेवल इन्टरनेशनल नलेज एक्सचेन्ज अन वन कन्ट्री वन प्राइरिटी प्रडक्ट मोडेल्स विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८२ साल असार २९ गते त्यसतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीबाट **माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेल**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(एकनारायण अर्याल)
मुख्य सचिव
२०८२ असार २९ गते"

त्यसपछि, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "संघीय निजामती सेवा विधेयक, २०८० माथि विचार गरियोस"** भन्ने प्रस्ताव प्रस्तुत गर्नभयो।

त्यसपछि, उक्त प्रस्तावमाथिको छलफलमा देहायबमोजिमका माननीय सदस्यहरुले भागलिनु भयोः

१. माननीय सदस्य गोपी बहादुर सार्की आछामी
२. माननीय सदस्य किरण बाबु श्रेष्ठ
३. माननीय सदस्य उदय बहादुर बोहरा
४. माननीय सदस्य तुलसा कुमारी दाहाल
५. माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव
६. माननीय सदस्य शेखर कुमार सिंह
७. माननीय सदस्य तुल प्रसाद विश्वकर्मा
८. माननीय सदस्य डा. अन्जान शाक्य

९. माननीय सदस्य डा. बेदुराम भुसाल
१०. माननीय सदस्य उर्मिला अर्याल
११. माननीय सदस्य कृष्ण बहादुर रोकाय
१२. माननीय सदस्य भगवती न्यौपाने
१३. माननीय सदस्य झक्कु प्रसाद सुवेदी
१४. माननीय सदस्य जयन्ती देवी राई
१५. माननीय सदस्य माया प्रसाद शर्मा
१६. माननीय सदस्य नारायण दत्त मिश्र
१७. माननीय सदस्य सोनाम गेल्जेन शेर्पा
१८. माननीय सदस्य भुवन बहादुर सुनार
१९. माननीय सदस्य गोमा देवी तिमल्सिना
२०. माननीय सदस्य रेनु चन्द
२१. माननीय सदस्य पदम बहादुर परियार
२२. माननीय सदस्य इन्दिरा देवी गौतम
२३. माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे
२४. माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा
२५. माननीय सदस्य युवराज शर्मा
२६. माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी
२७. माननीय सदस्य विष्णु कुमारी सापकोटा
२८. माननीय सदस्य सुरेश कुमार आलेमगर

त्यसपछि, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "**प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "संघीय निजामती सेवा विधेयक, २०८० माथि विचार गरियोस**" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले** स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"संघीय निजामती सेवा विधेयक, २०८०"** माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने ब्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्काले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "जलस्रोत विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्नभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुदा **सर्वसम्मतिले** स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८२ साल साउन ५ गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।।

(पद्मप्रसाद पाण्डेय)
महासचिव